

# रेडियो नेपालकी बूढी आमैः लक्ष्मी भुसाल



- मीना बज्राचार्य

**कुरा २०२७/२८ साल**तिरको हो । त्यतिबेला रेडियो नेपालबाट साँझ ६.३० बजे हरेक दिनजसो कृषि कार्यक्रम प्रसारित हुन्थ्यो । रेडियो नेपालबाट प्रसारण हुने उक्त कार्यक्रमका बारेमा कतिलाई थाहा होला नहोला। त्यस कार्यक्रममा जे.टि.ए. र गाउँकी बूढी आमैबीच कृषिका हरेक पक्षसम्बन्धी रेडियो नाटक प्रसारण हुने गर्दथ्यो। कार्यक्रमको नाम थियो - तपाईंको जे.टि.ए., तपाईंकै बूढी आमा । तिनै रेडियो नाटकमा बूढी आमै बनेर कार्यक्रम सञ्चालन गर्ने महिला हुनुहुन्छ- लक्ष्मी भुसाल । उहाँ कृषि कार्यक्रम सञ्चालनको शुरुवात गर्नुहुन्थ्यो- "हरि...शरणम्...!!" भन्दै ।

त्यतिबेला लक्ष्मी भुसाल - न उमेरले बूढीआमा हुनुहुथ्यो, न त मनैले। बूढीआमाको स्वर निकाल्ने  उहाँको प्रतिभा थियो । दुरुस्त बूढी आमैको स्वरमा संवाद बोल्न सक्ने उहाँको कला थियो । जीवनका ६५ औं वसन्त पार गरिसक्दा पनि आफ्नो कार्य क्षेत्रमा डटेर लागिरहनुभएकी इमान्दार, निडर तथा साहसी एकल महिला मध्येकी हुनुहुन्छ उहाँ । शायद बूढी आमैको भूमिकामै रमेर होला उहाँले जीवनसाथी रोज्न भ्याउनु भएन, फुर्सद पाउनु भएन र एक्लै बस्न रुचाउनुभयो । उहाँ अविवाहित नै हुनुहुन्छ ।

आज ५१ वर्ष बितिसक्यो - रेडियो नेपालबाट प्रसारण हुने कृषि कार्यक्रमअन्तर्गत तपाईंको जे.टी.ए. तपाईंकै बूढी आमा कार्यक्रम सञ्चालन हुँदै आइरहेको । त्यतिबेलादेखि आजसम्म एउटै परिवेशमा आफैँले लेखेर आफैँले वाचन गरी आफैँले नै रेकर्डिङ्ग गर्दै प्रसारण भइरहेको कार्यक्रम हो, "तपाईंको जे.टी.ए., तपाईंकै बूढी आमा"।

बुबा मानबहादुर र आमा रत्नकुमारी भुसालकी छोरी - लक्ष्मी भुसालको जन्म २००८ साल असोज महिना १६ गते काठमाडौँमा भएको थियो । आमाबुबाका पाँच सन्तानमध्ये उहाँ माहिली हुनुहुन्छ । उहाँका बुबा नेपाल प्रहरीमा काम गर्नुहुन्थ्यो भने आमा सानै उमेरमा बित्नुभएको थियो । यसैले हजुरआमाको काखमा उहाँको बाल्यकाल बित्यो । त्यसबेला हजुरआमासँगसँगै उहाँले स्वस्थानी कथा वाचन गर्ने, रामायण, महाभारतका कथाहरू सुन्ने गर्न थाल्नुभयो ।

उहाँको रेडियो नेपालको सेवा पनि एउटा रोचक परिवेशबाट शुरु भएको थियो । उहाँ भन्नुहुन्छ- त्यसबेला म १३ वर्षकी मात्र थिएँ । त्यो उमेर भनेको खेलेर रमाउने बेला । खेल्ने पनि के थियो र ? त्यतिबेला गुच्चा खेल्ने, लुकामारी खेल्ने,

गट्टा खेल्ने गरिन्थ्यो । मलाई सिंहदरबार हेर्ने खुब रहर लागेको थियो । यही जिज्ञासाले मलाई एकदिन त्यतैतिर डोऱ्यायो ।

उहाँ अगााडि भन्नुहुन्छ- मेरो एकजना दिदी जागीरको सिलसिलामा सिंहदरबार जाने काम आइपरेछ । मलाई उहाँको साथी भएर त्यहाँ जाने साइत जुऱ्यो । यो मौकालाई मैले गुमाइनँ । पछि लागी हालेँ । त्यो दिन अफिसमा अलि बढी नै समय बिताउनुपऱ्यो । म त्यत्तिकै बसिरहेकी थिएँ । उसैबेला शायद त्यहाँको हाकिम हुनु हुँदो हो उहाँले, मलाई जागीर खाने भनेर सोध्नुभयो । धेरैबेर त्यसै बसिरहँदा मलाई भोक लागिसकेको थियो । अनि मेरो मुखबाट फ्याट्ट निस्किहाल्यो - खाने नि । सबै गलल्ल हाँसे । म अवाक भएर बसिरहेँ । त्यतिकैमा मेरो अगाडि कालो कफी ल्याएर राखिदिए । 'यहाँ त कस्तो कालो डढेको चिया पो पिइँदो रहेछ' भनेँ । त्यही दिन 'तिमीलाई अङ्ग्रजी आउँछ' भनी सोध्दा मैले पनि फूर्तिले 'एबिसिडी आउँछ' भने । मेरा ती कुराहरूले सबैलाई हसाएछ । अहिले ती क्षणहरू सम्भिँदा एक किसिमको आनन्द लागेर आउँछ ।

जागीरकै सिलसिलामा रेडियो नेपालको कार्यक्रममा वाचन गर्न केही सामग्री लेखेर ल्याउनू भन्ने हाकिमको आदेशअनुसार एकदिन आफूले खुबै मेहनत गरेर लेख लेखेर लग्नुभयो । तर हाकिमले खर्रर पढेर भ्यार्रर च्याती रद्दी टोकरीमा फाल्दा निको लागेन उहाँलाई । अर्को लेखेर ल्याउनू भनेको कुराले निक्कै नराम्रो लागेको उहाँ कहिले पनि बिर्सन सक्नुहुन्न । तर त्यही कुराले उहाँलाई अझ मेहनत गर्ने बानी बसाल्यो ।

सानै उमेरमा रोजगारी गर्न थालेकी लक्ष्मीले ३ बर्षसम्म करारमा काम गर्नुपऱ्यो, मासिक रू. ४०मा । अफिसबाट नै नागरिकताको लागि सिफारीस गरेर उहाँलाई नागरिकता दिलाइयो । नागरिकता पाएपछि २०२८ सालमा लोकसेवाको परीक्षा उत्तीर्ण गर्नुभयो र खरिदार सरहको पदमा स्थायी रूपमा काम गर्न थाल्नुभयो । खरिदार भएपछि उहाँको मासिक पारिश्रमिक रु.१४० भयो ।

२०२२ साल श्रावण महिनामा तत्कालीन श्री ५ को सरकार कृषि मन्त्रालयअर्न्तगत कृषि सूचना शाखा कार्यालय स्थापना भएको थियो । उहाँले उक्त शाखामा स्थापना कालदेखि कार्य गर्न थाल्नुभयो । उक्त कार्यालयपछि कृषि महाशाखामा परिवर्तन भयो, अहिले भने कृषि सूचना तथा सञ्चार केन्द्र भएको छ ।

उहाँले आफूले पाँच दशक बिताएको कोठा देखाउँदै भन्नुभयो- यो त्यही कोठा हो, जुन आजसम्म पनि केही परिवर्तन भएको छैन । तिनै दराज, तिनै टेबल- सबै उही छन्, मात्र पुरानो भएको छ । अझ २०७२ बैशाख १२ गते आएको महाभूकम्पले थिलथिलो बनाएको त्यो भवनको भित्तामा यत्रतत्र छरिएर झुण्डिएका कदरपत्रहरू, सम्मानपत्रहरूले त्यहाँको अवस्थालाई उदाङ्गो पारिरहेको थियो ।

कार्यालयलाई नै आफ्नो घर अनि सहकर्मीहरूलाई परिवार ठानी जीवन बिताउँदै आउनुभएकी लक्ष्मी भुसाल भन्नुहुन्छ - सबै कुराहरू समयसापेक्ष सुधार गर्न सकिएमात्र कार्यक्रम दीगो बन्न सक्छ । यही कार्यक्रमलाई पनि समयअनुसार परिवर्तन गर्दै जान सकिए किसानले बढी लाभ लिन सक्ने थिए । किसानलाई दिने जानकारी पनि एक महिना अगाडि नै दिन सकिए बढी लाभान्वित हुन सक्थे । यस्तो कुराको अभाव मनमा खटकी रहन्छ । छोटो समयमै कार्यालय प्रमुख परिवर्तन भइदिने परिपाटीले थुप्रै कुराहरूमा नकारात्मक प्रभाव परिरहेको छ । देशको सरकार पनि यस्तै हालत छ । यसले सही कुराको विकासले गतिलिन सकिरहेको छैन- आफ्नो असन्तुष्टि पोख्नुहुन्छ  लक्ष्मी ।

तत्कलीन अवस्था र अहिलेको महिलाहरूमा आएको भिन्नता केलाउँदै उहाँ अहिले महिलामा ज्ञान, सीप र इच्छा शक्ति छ भने हरेक क्षेत्रमा सहभागी हुन सक्ने अवस्था भए पनि तत्कालीन अवस्थामा यी कुराहरू सोच्नु मात्र पनि कल्पनाभन्दा बाहिरको हुने गरेको बताउनुहुन्छ ।

छोरी मान्छेले किन पढ्नुपर्‍यो ? अर्काको घर जानुपर्ने जातले किन जागीर खानु ? भन्नेजस्ता कुरालाई स्वभाविकै लिइन्थ्यो । त्यसमाथि नोकरी गर्नु त परको कुरा थियो । उहाँले नोकरी गर्दाताका शुरुमा छिमेकीले थाहा पाएनन् । थाहा नपाएसम्म त ठीकै थियो । जब छरछिमेकीले थाहा पाए, बिस्तारै एककान दुईकान मैदान भनेजस्तै केटीमान्छेले पनि जागीर खायो भन्ने प्रचारप्रसार बढ्दै गयो । छरछिमेकी तथा समाजमा गजबको मसला बन्न पुग्यो । छिमेकी मिलेर कुरा काट्न थाले । यहाँसम्मकि घरपरिवारले पनि साथ दिएनन् । सानैदेखि बुढी आमै हुने केटीमान्छेलाई कसले बिवाह गर्छ ? इज्जत नभएको काम गर्न थाली भनेर गरेको व्यवहार सम्झिँदा उहाँलाई ननिको लाग्यो । हुँदाहुँदा घरबाट निस्किदिए हुनेजस्तो व्यवहार गर्न थाले । यसैले २०२५/०२६ सालदेखि घरपरिवारबाट अलग रहेर एक्लै जीवन बिताउँदै आउनुभएको छ बूढी आमै लक्ष्मी भुसाल ।

सुरुमा आफूले गरेको संघर्षलाई सम्झिँदै उहाँ भन्नुहुन्छ- त्यसबेला महिलालाई अफिस जाँदा या कतै कामको सिलसिलामा एक्लै बाहिर जानुपर्‍यो भने धेरै दुःख झेल्नु पर्ने हुन्थ्यो। यातायातको साधनको रूपमा साझाबस चल्थ्यो, बसमा बस्दा केटामान्छेसँगै बसेको छ भने अप्ठ्यारो मान्ने। बसिहाले पनि कोसँग बसेर आएको भनेर घरमा शङ्का गर्ने, निन्दाचर्चा नै बढी हुने । केटीमान्छे घरैमा बसिरहोस्, परिवारको मात्र सेवा चाकडी गरिरहोस् भन्ने चाहना राख्ने समाज थियो।

तत्कालीन समाजलाई भोगेकी लक्ष्मी समाज धेरै अगाडि बढी सकेकामा खुशी व्यक्त गर्दै भन्नुहुन्छ- महिलाहरू कुनै क्षेत्रमा कमजोर छैनन्। जे चाहेको त्यो काम गर्न सक्छन् । महिलाले गाडी चलाउनेदेखि अन्तरिक्षमा जानेसम्म गरी सकेका छन् । देश विदेशमा एक्लै गएर पढन सक्छन् । अहिले धेरै हदसम्म लैङगिक समानता छ। तर पूर्णता भने नपाएको उहाँको बुझाइ छ ।

आज महिलालाई हेर्ने दृष्टिकोणका साथसाथै व्यवहारमा समेत परिवर्तन आएको छ । यसैले आफ्नो कामप्रति गर्व गर्नुहुन्छ उहाँ । टोल छिमेकीमा बूढी आमै भनेर चिनिनुभएको छ। कसैले बूढी आमै भनेर सम्बोधन गर्दा हजुर नाति भनेर जिस्किनुहुन्छ । आफ्नो कामप्रति सन्तुष्ट हुनुहुन्छ। बूढी आमैको भूमिकालाई माया गरी दिनुभएकोमा सबैप्रति आभार प्रकट गर्नुहुन्छ।

आफ्नो कामप्रति सन्तुष्टि व्यक्त गर्दै उहाँ भन्नुहुन्छ- कार्यालयले मलाई धेरै गुण लाएको छ। २०६५ सालमा मलाई १ लाखको नगद पुरस्कार सहित उत्कृष्ट कर्मचारीको पुरस्कारबाट पुरस्कृत गर्‍यो । अवकाश पाइसकेको व्यक्तिलाई पनि पुनः करारमा नियुक्ति गरेर काम दिएको छ । यसका लागि म हृदयदेखि नै सम्बन्धित सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु। अनि मनैदेखि पुकार गर्छु मलाई दिएको यो जिम्मेदारीलाई म मेरो ब्रम्हले कार्य गरेसम्म गरिरहन पाऊँ ।

बूढीआमै बनेर लक्ष्मीको किशोरावस्था बित्यो, यौवनावस्था बित्यो। अब वृद्धावस्था पनि सोही कार्यालयमा बित्दैछ र बिताउने इच्छा छ। उहाँले आफ्नो आकांक्षा बताइरहँदा लाग्दथ्यो, उहाँको अन्तस्करणबाटै निस्केको हो ।

वर्तमान राजनीतिक अवस्थाबारे असन्तुष्टि व्यक्त गर्दै उहाँ भन्नुहुन्छ-'अवस्था राम्रो छैन। जनताको सुख शान्तिका लागि कुर्सीमा बस्नेहरूले मन लगाएर काम

गर्न सकेका छैनन् । हिजोआजको राजनीतिप्रति सन्तुष्ट छैन । यो २०७२ सालको भुकम्पभन्दा पनि डरलाग्दो छ ।'

आफ्नो व्यक्तिगत जीवनका बितेका दिनलाई फर्केर हेर्दै उहाँ भन्नुहुन्छ-"सबै कुरा आफूले सोचेको जस्तो कहाँ हुँदो रहेछ ! कामको सिलसिलामा मैले मेरो सम्भावित परिवारलाई बिर्सिएँ । त्यतिबेला मैले मेरो परिवारको बारेमा पनि सोच्नु पर्थ्यो, त्यो गरिनँ, अहिले सम्झँदा खल्लो महसुस भएर आउँछ । परिवार भन्ने पनि जीवनमा चाहिँदो रहेछ भन्ने लाग्छ ।" यति भनिरहँदा उहाँको अनुहारमा एक किसिमको पश्चातापको भाव थियो ।

कुरा आजभन्दा २३ वर्षअगाडिको हो । त्यसबेला मेरो र उहाँको बसोबास लगनखेलको एउटै वडामा थियो । कामकाजी महिला भएकीले हाम्रो भेटघाट कहिले काहीं अफिसबाट फर्कंदा मात्र हुन्थ्यो । कहिले काहीं भेट्दा पनि एक किसिमको आत्मियतता थियो । हाम्रो भेटघाट बाटोमै हुँदा पनि ठट्टा रमाइलो गरी रहनुपर्ने उहाँको स्वभाव मलाई मन पर्थ्यो । हामी बूढीआमै भनेर जिस्क्याउँथ्यौं । उहाँ अभिनयका साथ सहर्ष स्वीकार्नु हुन्थ्यो र हामीलाई हँसाउनुहुन्थ्यो । रमाइलो, मृदुभाषी व्यक्तित्वकी धनी लक्ष्मी भुसाललाई बिर्सेकी थिइनँ । आज २३ वर्ष पछि भेट्दा उहाँमा धेरै परिवर्तनहरू आएको पाएँ । शारीरिक रूपमा भएको परिवर्तनले उहाँलाई केही कमजोर बनाएको पाएँ तर मानसिक रुपमा आज पनि उत्तिकै सशक्त, सामाजिक सेवाको काममा पनि उत्तिकै सक्रिय रहनुभएको छ ।

उहाँले आफ्नो आवाजले श्रोतालाई मात्र मन्त्रमुग्ध गर्नुभएको नभई आफ्नो कला क्षमता अभिनयमा पनि देखाउनुभएको छ । उहाँले खेल्नुभएको चलचित्र, नाटक, टेलिफिल्म हेर्ने दर्शकले उहाँको अभिनय तथा भूमिकालाई बिर्सन सकेका छैनन् । उहाँले अभिनय गर्नुभएको चलचित्रहरूमा सोल्टीनी, लक्ष्मीपूजा, बिजुली मेसीन, लगभग, जोनीजेन्टलमेन, नेपालभाषा: सीलु आदि हुन् । टेलिफिल्महरूमा तीतो सत्य, मेरी बास्सै, घरायसी, हडताल, हिजोआजभोलि, लगायत करीब ६० वटा रहेका छन् । यस्तै, रेडियो नाटक उहाँको आफ्नै विधा परेकोले टेलिभिजन तथा चलचित्रको विकास नभएको बखत अनगिन्ती रेडियो नाटकहरूमा आफ्नो प्रतिभा प्रदर्शन गरिसक्नुभएको छ ।